# श्री झिलिवाङ्ग सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी, १ प्यूठान ।

### गोप्य सिलबन्दी बोलपत्रद्वारा काठ तथा दाउरा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०५।०४

यस सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालय प्यूठानबाट संकलन सहमति लिई नियमानुसार संकलन गरी गुहेखोल्सी चौपारी भन्ने स्थानमा घाटगद्दी गरी राखेको खयर काठ र साल दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका स.मील, उधमीकाष्ठको कारोबार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी सोको भोलिपल्ट गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | प्रजाती | गोलिया थान | ईकाई | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खयर | ९२९ | क्यू.फि. | १४८४.०६ | १७,८०,८७२/- | संकलन खर्च रु. २००/- प्रति क्यू.फि.थप लाग्ने छ । |
| २ | साल | साल दाउरा | चट्टा. | ५ | ६०,०००/- | संकलन खर्च रु. २०,०००/- प्रति चट्टा थप लाग्ने छ । |

२. यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र लट नं. १ को लागि प्रति बोलपत्र फारम रु. ३,०००/– र लट नं. २ को लागि प्रति बोलपत्र फारम रु.१,०००/– का दरले यस समूहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको खाता नं. ०५२००१००७५१८५१००००१ (JHILIBANG SHA. BA.U.SHA.) मा दाखिला गरी सोको बैंक भौचर वा समूहमा नगद जम्मा गरेको नगदी रसिद, निवेदन / पत्र तथा उधम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र डिभिजन वन कार्यालय, प्यूठान वा यस समूहको कार्यालयबाट बोलपत्र खरीद गर्न सकिनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. खरिद गरेको बोलपत्र यो सूचना प्रकाशन भएको मितिले २२ औं दिनको दिउसो २:०० बजे भित्र बोलपत्र खरिद गरेकै कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु पर्नेछ र बोलपत्र दाखिलाको अन्तिम दिन बिदा परेमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा तोकिएको समयभित्र दाखिला गर्नु पर्नेछ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च सूचना र बोलपत्रमा उल्लेख भए बमोजिम थप बुझाउनु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उद्यमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान भ्याट दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. सकारकर्ताले बोलपत्रमा सकार गरेको मूल्यको १०% ले हुन आउने रकम धरौटीको रुपमा यस समूहको माथि उल्लेखित बैंक खातामा दाखिला गरेको सक्कलै भौचर वा बैंक ग्यारेन्टी(जमानत) संलग्न गर्नु पर्ने छ । १० प्रतिशत भन्दा कम बैंक दाखिला भएको रकमको बोलपत्र मान्य हुने छैन ।

७. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ र सकारकर्ताले काठ जे जो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्ने छ ।

८. दाखिला भएको बोलपत्रहरु २०८२।०५।२६ गते दिनको १:०० बजे यस उपभोक्ता समूहको कार्यालयमा सब डिभिजन वन कार्यालय, स्थानिय तह तथा अन्य सरकारी कार्यालयको रोहबरमा खोलिने छ । बोलपत्र खोलिने दिन सकारकर्ताहरु उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

९. रितपूर्वक पर्न आएका बोलपत्रहरुको मूल्यांकन गरी ३ दिन भित्र समितीबाट नियमानुसार लिलाम सदर गरि सोको जानकारीको लागि समूहको कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ । सूचना टाँस भएको मितिले ४५ दिन भित्र सकारकर्ताले सकार रकम, मूल्य अभिवृद्धि कर, संकलन खर्च तथा नियमानुसार बुझाउनु पर्ने अन्य रकमहरु दाखिला गरी काठ उठाई लैजानु पर्ने छ अन्यथा नियमानुसार हुनेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

१२. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।